**अछाम जिल्लामा राजस्व व्यवस्थापन तथा परिचालन क्षमता विकास सम्पन्न**

सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान पुन्ना, डोटीको आयोजनामा स्थानीय तहमा आन्तरिक राजस्व परिचालनका सम्भावना र सवालहरू पहिचान गरी स्थानीय तहको राजस्व परिचालन क्षमता अभिवृद्धि गर्ने उद्देश्यका साथ तीन दिने राजस्व व्यवस्थापन तथा परिचालन सम्बन्धी क्षमता विकास तालिम मिति २०८२ पौष २५ देखि २७ गते सम्म अछामको साँफेबगरमा सम्पन्न भएको छ। तालिममा अछाम जिल्लाका दशवटा स्थानीय तहका नगर उपप्रमुख/ उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, राजश्व शाखा प्रमुख र राजस्व परामर्श समिति सदस्यहरु गरी ३८ जनाको सकृय सहभागिता रहेको थियो।

तीन दिन सम्म सञ्चालन भएको उक्त प्रशिक्षणमा स्थानीय राजस्व प्रशासनका असल अभ्यासहरुको समिक्षा तथा सवाल बारेमा प्यानल छलफल गरी सुधारका क्षेत्र पहिचान गरिएको थियो। प्रशिक्षण अवधिमा राजस्वको सैद्धान्तिक अवधारणा र व्यवहारिक अवस्था, कानूनी प्रावधानका बारेमा समुह अभ्यास गरी राजस्व प्रशासनलाई तथ्याङ्कमा आधारित बनाउने विधि तथा प्रकृयाको बारेमा सहभागिमा स्पष्ट गरिएको थियो। सहभागि स्थानीय तहले आगामि आर्थिक बर्षदेखि राजस्वको सम्भाव्यता, पहिचान, अनुमान तथा प्रक्षेपण एवम् संकलन विधि तथ्याङ्कमा आधारित बनाउने प्रतिवद्धता व्यक्त गरेका छन्।

प्रशिक्षण अवधिमा सहभागि कमलबजार नगरपालिकाका उपप्रमुख शारदा कुमारी बिष्टले आफ्नो आर्थिक ऐनको समिक्षा गरी ती दस्तावेजमा भएका प्रावधानको कार्यान्वयन गर्ने विधि र सुधारका क्षेत्र पहिचान भएको तथा राजस्व परामर्श समितिको भूमिका तथा कर्तव्यका बारेमा स्पष्ट भएको बताउनु भएको छ। साँफेबगर नगरपालिकाका प्रशासन प्रमुख शंकर बहादर थापाले सम्पत्ति कर लगायतका करको दर तथा दायरा वृद्धि गर्न सकिने विधि तथा प्रकृयाको बारेमा प्रष्ट भएको बताउनु भएको छ ।




क्षमता विकास कार्यक्रम
समापन सत्र


क्षमता विकास कार्यक्रम
समापन सत्र
"स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरुका
लागि राजश्व सुधार सम्बन्धी"
क्षमता विकास तालिम
पौष २५-२७, २०८२